सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #१८
वैशाख, २०७६

सिटिजन हेल्पडेस्क बुलेटिनको अठारौं अंकमा स्वागत छ। "सिटिजन हेल्पडेस्क", नेपालमा खुला, पारदर्शी र जवाफदेही स्थानीय सरकार निर्माणमा सहयोग गर्ने लक्ष सहित स्थानीय अभियन्ता (Community Frontline Associates) ले नेतृत्व गरेको साझा अभियान हो। यस अभियानले सहभागितामुलक अभ्यास, सामुहिक सिकाई र सहि सूचनालाई केन्द्रमा राखेर सरकार र नागरिक बिचको सम्बन्धलाई विश्वसनिय बनाउने भुमिका निर्वाह गर्दछ। साथसाथै, सरकार र नागरिकसंग समन्वय गरी स्थानीयका आवश्यकता अनि चाहना बमोजिम सार्वजनिक निर्णयहरू तय गर्न पनि सहयोग गर्दछ।


## प्रश्न

### पनौती, काभ्रे

"स्थानीय सरकारले वार्षिक कार्यक्रम तथा बजेट विनियोजन गर्दा वैदेशिक रोजगारीको विषयलाई कुन प्राथमिकताक्रममा राखेको छ। "

### विदुर, नुवाकोट

"स्थानीय तहको बजेटमा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूकालागि कुनै बजेट तथा कार्यक्रम छुट्याएको छ कि छैन ?"



## उत्तर

स्थानीय तहमा वार्षिक कार्यक्रम तथा बजेट विनियोजन गर्दा वैदेशिक रोजगारीको विषयलाई कुन प्राथमिकताक्रममा राख्ने भन्ने बारेमा कतै उल्लेख गरिएको छैन। तर, वैदेशिक रोजगारीबाट फर्किएका युवाले स्वदेशमै बसेर केही गरुन भन्नकालागि प्राय स्थानीय तहले युवा लक्षित कार्यक्रमहरू ल्याएका छन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उप-दफा (च) बमोजिम लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परीचालन र व्यवस्थापन गर्ने भनिए पनि वैदेशिक रोजगारीलाई लक्षित समुहमा राख्ने नराख्ने सम्बन्धमा कतै उल्लेख गरीएको छैन।

तर, युवा जनशक्तिलाई स्वदेशमै रोजगारीको अवसर सृजना गर्न र उनिहरूले सिकेको सिपको सदुपयोग गर्न सरकारले निति ल्याएको छ। जस अन्तरगत, स्वरोजगार सम्बन्धी तालिमसंगै आर्थिक सहयोग पनि सरकारले उपलब्ध गराईरहेको छ।

| स्रोत | स्थानीय सरकार सञ्चालन ऐन २०७४ |
|---|---|

# प्रश्न

### विरेन्द्रनगर, सुर्खेत

"स्थानीय विकासमा विनियोजन भएको बजेट सोही आर्थिक वर्षको अन्त्यसम्म खर्च भएन भने के हुन्छ ?"

### मेलम्ची, सिन्धुपाल्चोक

"विनियोजित बजेट खर्च गर्ने समयसिमा के हुन्छ ?"

### दमौली, तनहु

"एउटा शिर्षकमा विनियोजन भएको बजेट अर्को शिर्षकमा खर्च गर्न मिल्छ कि मिल्दैन ? मिल्छ भने के कस्तो प्रकृया अपनाउनु पर्दछ ?"

# उत्तर

कुनै पनि स्थानीय निकायले सो आर्थिक वर्षकोलागि बिनियोजित रकम सोही आर्थिक वर्षको अन्त्यसम्ममा खर्च गरी सक्नु पर्ने हुन्छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा स्वतः जम्मा (ट्रान्सफर) हुनेछ भनेर उल्लेख गरिएको छ। खर्च हुन नसकेको रकम र योजनालाई प्राथमिकतामा भने राखिन्छ। तर, एउटा शिर्षकमा विनियोजन भएको बजेट अर्को शिर्षकमा सोझै खर्च गर्न मिल्दैन।

कुनै शिर्षकमा छुट्याईएको रकम मापदण्को कारणले खर्च गर्नै नसकिएको अवस्थामा अर्को शिर्षकमा सकमान्तर गर्न मिल्छ। रकमान्तर गर्दा वडा समितिको बैठक बसेर सम्बन्धित गाउँपालिका/नगरपालिकामा रकमान्तर गर्न सिफारिस गर्दछन् र सो अनुसार नगर समितिको बैठकले रकमान्तर गर्दछ।

पहिला छुट्याईएको शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्दा सम्बन्धित समुदाय वा टोलको सहमति भने लिनु पर्दछ।

**स्रोत** | स्थानीय सरकार सञ्चालन ऐन २०७४

कृष्ण प्रसाद सापकोटा
स्थानीय निकाय विज्ञ
००९७७-९८५१०२७६९८

# प्रश्न



**नेपालगञ्ज, बाँके**

"स्थानीय तहमा कति रकमसम्मको परीयोजनामा सार्वजनिक परीक्षण अनिवार्य हुन्छ ?"

**ज्वालामुखी, धादिङ**

"के हरेक वडाले सार्वजनिक सुनुवाई गर्नै पर्ने हुन्छ ? यस सम्बन्धी कस्तो प्रावधान छ ?"

# उत्तर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ७८ को उपदफा ५ बमोजिम गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शि, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्नेछ भन्ने उल्लेख गरिएको छ।

योजना तथा परियोजनाको हकमा लक्षित वर्ग उत्थान कार्यक्रम बाहेक ५० हजार भन्दा माथिका भौतिक योजनाका कार्यक्रमको योजनै पिच्छे सार्वजनिक परिक्षण गर्नु पर्दछ।

पुरानो कार्यविधि अनुसार हरेक स्थानीय तहले वर्षको तिन पटक सार्वजनिक सुनुवाई गर्नु पर्दथ्यो भने, हाल नयाँ कार्यविधि नबनिसकेको अवस्थामा वर्षको यतिपटक सार्वजनिक सुनुवाई गर्ने भन्ने बाध्यकारी व्यवस्था छैन। तर, व्यवहारतः हरेक स्थानीय तहले पुरानो कार्यविधि अनुसार नै वर्षको तिन पटक सार्वजनिक सुनुवाई गर्ने गरेका छन्।

वडा कार्यालयको हकमा, स्थानीय सरकार सञ्चालन ऐनमा कुनै व्यवस्था नभए पनि केही वडाले आफ्नै पहलमा वार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्ने गरी बजेट नै विनियोजन गरेका छन्।

| स्रोत | स्थानीय सरकार सञ्चालन ऐन २०७४ |
|---|---|


**कृष्ण प्रसाद सापकोटा**
स्थानीय निकाय विज्ञ
००९७७-९८५१०२७६९८



# भिम न्यौपाने

## पनौती, काभ्रे

नगरभरी कस्ता कार्यहरु भईरहेका छन्, स्थानीय सरकारप्रति नागरिकहरुका के कस्ता गुनासा वा सुझावहरु छन्, जनताले चाहेको विकास कसरी गर्न सकिन्छ भनेर बुझ्न पनौती नगरपालिकाका प्रमुख भिम न्यौपानेको नेतृत्वमा उप-प्रमुख गिता बञ्जारा, प्रमुख प्रशासकीय अधिकृत विजयराज पौडेलसँगै बिषयगत क्षेत्रका प्रमुखहरुको समुह तालिका बनाएरै हरेक दिन बिहान स्थानीयको घरदैलोमा पुगे। नगरका १२ ओटै वडाका नागरिकको घरदैलोमा जाने निर्णय नगर कार्यपालिकाको बैठकले पारित गरेको थियो।

सरकारले गाउँ-गाउँमा सिंहदरबारको नारालाई जोड दिए पनि व्यवहारतः यसको अनुभुति नागरिकले गर्न पाएका छैनन्। सरकारी कार्यालयमा गएर जनताले आफ्ना समस्याहरु स्थानीय सरकार समक्ष राख्ने वातावरण अँझै सहज बनेको छैन। यदि सरकारका प्रतिनिधि नागरिकको दैलोमै पुगे भने, आफ्ना कुरा सरकार समक्ष निर्धक्क भन्न सक्छन, जसले स्थानीय सरकारलाई जनमैत्री योजना तथा कार्यक्रम तय गर्न सहयोग पुग्छ भने, अर्को तर्फ नागरिक सरकार विचको सकारात्मक सम्बन्ध विस्तार हुन्छ भन्ने उद्देश्य सहित पनौती नगरपालिकाले यो अवधारणा अगाडी सारेको हो।

पनौती नगरपालिका वडा नं १, रयालेबाट सुरु भएको अभियान १२ ओटै वडामा पुगेर सकिएको छ। सरकारका प्रतिनिधि जनताको आँगनमा पुगेर गुनासो सुन्नुकासाथै सुझाव लिन थालेपछि नगरवासी अत्यन्तै खुसी भएका छन्। स्थानीयले आफुले छानेर पठाएका जनप्रतिनिधिहरुसंग कार्यालयमा गएर प्रश्न गर्नुभन्दा आफ्नै घर-आँगनमा प्रश्न राख्न सजिलो भएको बताईरहेका छन् र उनिहरुले नगरपालिकाको यो अभ्यासको खुलेरै प्रसंशा गरेका छन्।

पनौती नगरपालिकाले थालेको सकारात्मक अभ्यास देश भरीका ७५३ ओटै स्थानीय तहले अनुशरण गर्ने हो भने सरकारले परीकल्पना गरेको गाउँ-गाउँमा सिंहदरबारको नाराले सार्थकता पाउनेमा दुईमत छैन।

## यो पनि थाहा पाईराखौं - सरकार द्वारा गरीएका नविनतम निर्णयहरू

- वैदेशिक रोजगार सम्बन्धि जानकारी लिन मन्त्रालय द्वारा कल सेन्टरको स्थापना (Link)
- गाउँपालिका तथा नगरपालिकाको सार्वजनिक खरिद नियमावलि २०७५ (Link)
- वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जान रोक लगाएका खाडी तथा मलेसीयाका ६७ ओटा कम्पनीहरू (Link)

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरू, जिल्लामा रहेर काम गरिरहेका CFA हरूले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, सञ्चार माध्यमहरू र स्थानीय स्तरमा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन्। २०७५ फागुन १ गतेदेखि २०७५ चैत्र ३० गतेसम्म ८ जिल्लाका करिव १५00 जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन्।

**Accountability Lab द्वारा American Embassy को सहयोगमा प्रकाशित सिटिजन हेल्पडेस्क बुलेटिन।**

accountabilitylab NEPAL

AMERICAN EMBASSY